नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
**राजस्व अनुसन्धान कार्यालय**
ईटहरी, सुनसरी

## लिलाम बिक्रिको शीलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि १५ दिने सूचना

**(सूचना प्रकाशित मिति २०८२/०२/२२ गते)**

यस कार्यालयबाट विभिन्न मितिमा नियन्त्रणमा लिईएका तपसिलमा उल्लेखित मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शीलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम शीलबन्दी दरभाउपत्र मार्फत लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. फर्म/कम्पनीहरुले दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न रीतपूर्वक निवेदन सहित नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ. कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति रीतपूर्वक निवेदनसहित संलग्न गरी रु. एक लाखसम्मको लागि रु. ३००/-, रु. एक लाख भन्दा माथि रु. दश लाखसम्मकोमा रु. १,०००/- र रु. दश लाख भन्दा माथिको रु. २,०००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाई मिति २०८२/०३/०५ गते ४.०० बजे भित्र कार्यालय समयमा दरभाउपत्र फाराम खरिद गरिसक्नु पर्ने र मिति २०८२/०३/०६ गते दिनको १२ वजे भित्र शीलबन्दी दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ।

२. प्रत्येक मुद्दाको छुट्टा छुट्टै दरभाउपत्र फारम रीतपूर्वक भरी माथि तोकिएको मिति र समय भित्र शीलबन्दी खामको बाहिर पट्टी यस कार्यालयको नाम, सूचना नं. दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई सहिछाप गरी लाहाछाप लगाई शीलबन्दी गरी दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २:१० बजेको समयमा दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ। दरभाउपत्रपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा हुने छैन।

३. दरभाउपत्रमा उल्लेखित कुल कबोल अङ्कको कम्तिमा १० प्रतिशतले हुन आउने जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीको राष्ट्रिय बाणिज्य बैंक, इनरुवा शाखामा खोलिएको धरौटी खाता नं. २२२०१००१०२०३०००० तथा यस कार्यालयको कोड नं. ३०१०५१४०१ मा प्रत्येक मुद्दाका लागि छुट्टछुट्टै सक्कल बैंक भौचर दरभाउपत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ।

४. आफूले कबोल गरेको रकमको मूल्य (मू.अ.कर बाहेक) अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र बाँकी रकम दाखिला गरी मालसामान उठाइ लैजानु पर्ने छ। म्याद भित्र रकम जम्मा नगरेमा नियमानुसार हुनेछ।

६. शीलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्नेहरुले मालसामान हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ।

अनुसन्धान अधिकृत

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।

८. यस कार्यालको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फारममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, सूचना प्रकाशन हुनुभन्दा अघिनै धरौटी रकम दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने व्यक्ति/फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन।

९. म्याद नाघि आएको, रीत नपुगेको र सूचनाको शर्त विपरित भएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०. दरभाउपत्र स्वीकृत भएपश्चात कबोल अङ्कमा मूल्य अभिबृद्धि कर बापत १३ प्रतिशत थप र अन्य निकायमा कर, शुल्क लाग्ने भए सो समेत दरभाउपत्रदाता आफैंले ब्यहोर्नु पर्नेछ।

११. प्राप्त हुन आएका दरभाउपत्रहरु कुनै कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने एकमुष्ट वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको रकम पुरा बुझाई लिलाम सकार गरी सकेपछि मात्र अन्य दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ।

१३. पेश हुन आएका दरभाउपत्रहरु आंशिक वा प्रतिस्पर्धा सीमित हुनेगरी वा कुनै खास मालबस्तुलाई मात्र सकार गर्नेगरी कुनै एक वा केही मालबस्तु मात्र प्राप्त गर्ने गरी दरभाउपत्र खरिद गर्न पाईने छैन र त्यसरी एकमात्र वा केही मालबस्तु मात्र सकार गर्ने गरी पेश हुन आएका दरभाउपत्रहरु प्रतिस्पर्धामा समावेश नहुने र सूचनामा उल्लेखित सबै मालवस्तु सकार गर्ने गरी मात्र दरभाउपत्र पेश गर्नु पर्नेछ।

१४. अन्तशुल्क लाग्ने पदार्थ खरीद गर्न अन्तशुल्क इजाजत अनिवार्य पेश गर्नु पर्ने छ। तर इजाजत नभएकाले अन्तशुल्क लाग्ने पदार्थको शिलबन्दी दरभाउपत्र फारम खरीद गर्न अनिवार्य हुने छैन।

१५. तल उल्लेखित सूचना दर्ता नम्बरमा अन्तशुल्क लाग्ने मालवस्तु रहेको सूचना नम्बर भएमा दरभाउपत्र पेश गर्नेले अनिवार्य रुपमा ईजाजत पेश गर्नुपर्नेछ।

१६. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

तपसिलः-

| सि.नं. | मालवस्तुको विवरण | सू.द.नं. | इकाई | परिमाण | मूल्य (मू.अ.कर वाहेक) | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | चिनी | ४९०/०८१/८२ | के.जी. | २५० | १२०००/- | २२६४०/- | |
| २ | मटर | | के.जी. | १८० | ८६४०/- | | |

अनुसन्धान अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सुर्ति | | के.जी. | ५० | २०००/- (अन्तशुल्क र मू.अ. कर बाहेक) | | |
| ४ | माउन्टेनड्यु (२.२५ml) | ४७३/०८१/८२ | वोतल | ९९ | ८७१२/- | ४०२३२/- | |
| ५ | लेज | | कार्टुन | १ | ४८०/- | | |
| ६ | चिनी | | के.जी. | १०० | ४८००/- | | |
| ७ | मटर | | के.जी. | १८० | ८६४०/- | | |
| ८ | मैदा | | के.जी. | ४४० | १७६००/- | | |
| ९ | चिनी | ४७४/०८१/८२ | के.जी. | २०० | ९६००/- | ९६००/- | |
| १० | माउन्टेन ड्यु (२.२५ml) | ४५८/०८१/८२ | वोतल | ६१ | ५३६८/- | ७२८८/- | |
| ११ | लेज | | कार्टुन | ४ | १९२०/- | | |
| १२ | पोपलिन कपडा | ४८९/०८१/८२ | मिटर | ४६० | १९७८०/- | ५४१२८२/- | |
| १३ | सेतो प्लेन कपडा | | मिटर | २० | ८६०/- | | |
| १४ | सुति प्रिन्ट कपडा | | मिटर | ४४० | ३७४००/- | | |
| १५ | लेडिज सुरुवाल | | पिस | ३० | ८९४०/- | | |
| १६ | जेन्स कुर्ता सुरुवाल | | पिस | ८३ | २८२२०/- | | |
| १७ | लेडिज कुर्ता सुरुवाल | | पिस | ४२५ | २१६७५० | | |
| १८ | लेडिज टप्स | | पिस | ६३ | २६७७५ | | |
| १९ | हाफ पेन्ट जेन्स (पातलो) | | पिस | १५३ | ३९०१५ | | |
| २० | हाफ पेन्ट राम्रो | | पिस | ५३ | १८०२० | | |
| २१ | वेवी सेट | | पिस | १५० | ६३७५० | | |
| २२ | बच्चा जामा सेट | | पिस | ६० | २५५०० | | |
| २३ | सेन्डो फुल | | पिस | २० | २०४० | | |
| २४ | बच्चा जामा | | पिस | ७८ | ९९८४ | | |

अनुसन्धान अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | साडी अन्य रेसा साधारण | | पिस | ७३ | २४८२० | | |
| २६ | बच्चा भोटो | | पिस | ३०० | १२९०० | | |
| २७ | टि सर्ट | | पिस | २४ | ४०८० | | |
| २८ | बच्चाको टिसर्ट | | पिस | ३६ | २४४८ | | |
| २९ | चिनी | ३७०/०८१/८२ | के.जी. | ८०० | ३८४००/- | ४२०००/- | |
| ३० | पास्ता | | के.जी. | ७५ | ३६००/- | | |
| ३१ | चिनी | २८३/०८१/८२ | के.जी. | ४४० | २११२०/- | २६५४४/- | |
| ३२ | कुरमुरे | | प्या. | २४० | १४४०/- | | |
| ३३ | लेज | | प्याकेट | ४०० | २४००/- | | |
| ३४ | कोकाकोला २ लि. | | वोतल | १८ | १५८४/- | | |
| ३५ | बियर (३३० ml) | ३२२/०८१/८२ | कार्टुन | १० | ७६८०/- (अन्तशुल्क र मू.अ. कर बाहेक | ७६८०/- | |
| ३६ | चिनी | ४८८/०८१/८२ | के.जी. | ३६० | १७२८०/- | ४१६४८/- | |
| ३७ | किसमिस | | के.जी. | १० | ४०००/- | | |
| ३८ | टप विस्कुट | | कार्टुन | १ | ४८०/- | | |
| ३९ | माउन्टेन ड्यु (२.२५ लि. | | वोतल | १२२ | १०७३६/- | | |
| ४० | लेज | | के.जी. | १३ | २०८०/- | | |
| ४१ | सानो स्प्राइट (२५० ml) | | वोतल | ५३ | १६९६/- | | |
| ४२ | पानी पुरी | | के.जी. | २४ | २४९६/- | | |
| ४३ | भुटेको चना | | के.जी. | ३० | २८८०/- | | |
| ४४ | ऊनि कुर्ता सुरुवाल | २६०/०८१/८२ | पिस | २० | १०२००/- | ४३८८०/- | |
| ४५ | ऊनी स्वीटर | | पिस | २२ | १४९६०/- | | |
| ४६ | बच्चाको कुर्ता सलवार | | पिस | ४० | ८५२०/- | | |

अनुसन्धान अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | कुर्ता सलवार | | पिस | २४ | १०२००/- | | |
| ४८ | चिनी | ४५०/०८१/८२ | के.जी. | १०० | ४८००/- | १९७६०/- | |
| ४९ | माउन्टेन ड्यु (२.२५ml) | | बोतल | १७० | १४९६०/- | | |
| ५० | जिन्स पेन्ट | २६७/०८१/८२ | पिस | ५ | ६३७५/- | १६१५०/- | |
| ५१ | ट्राउजर | | पिस | ८ | ३४००/- | | |
| ५२ | ज्याकेट | | पिस | १ | १२७५/- | | |
| ५३ | हुड्डी | | पिस | ६ | ५१००/- | | |
| ५४ | ट्राउजर | २६८/०८१/८२ | पिस | ११ | ६५४५/- | २९७९५/- | |
| ५५ | हुड्डी | | पिस | १० | ८५००/- | | |
| ५६ | कर्नि | | पिस | १२ | २०४०/- | | |
| ५७ | हेम्बर | | प्याकेट | ६ | २५५०/- | | |
| ५८ | स्निकर | | ज्याकेट | २ | २७२०/- | | |
| ५९ | हेपिडेन्ट बलगम | | प्याकेट | २१ | ५०४०/- | | |
| ६० | किसमिस | | के.जी. | ३ | २४००/- | | |
| ६१ | खाली बोरा | ३२९/०८१/८२ | के.जी. | १७२ | ३८३५६/- | ३८३५६/- | |

विदुर गौतम
अनुसन्धान अधिकृत
अनुसन्धान अधिकृत